मिति २०७९/०२/११

बैठक संख्याः१

**गाउँ कार्यपालिका बैठकको प्रस्तावहरुः-**

प्रस्ताव नं.१- कार्यसम्पादन नियमावली-२०७८ र बैठक सञ्चालक कार्यविधि-२०७४ सम्बन्धमा जानकारी।

प्रस्ताव नं.२- ५०% अनुदानमा किसानलाई धानको बिउ उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं.३- सडक मर्मत सम्भार सम्बन्धमा।

प्रस्ताव नं.४- मुख्य चोकचोकमा उज्यालो बत्ती र चोकमा सी.सी.टी.भी/क्यामरा जडान सम्बन्धमा।

प्रस्ताव नं.५- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नयाँ कार्यक्रम सञ्चालन सम्बन्धमा।

प्रस्ताव नं.६- वडा नं.२ मा स्वास्थ्य शिविरको आवास,खाना, खाजा खर्च रकम भुक्तानी सम्बन्धमा।

प्रस्ताव नं.७- सियारी गाउँपालिका राजश्व परामर्श समिति गठन सम्बन्धमा।

प्रस्ताव नं.८- सियारी गाउँपालिका स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन सम्बन्धमा।

प्रस्ताव नं.९- सियारी गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा।

प्रस्ताव नं.१०- सियारी गाउँपालिका टोल विकास समिति गठन सम्बन्धमा।

प्रस्ताव नं.११- मालपोत कार्यालयको ट्रष्ट निर्माणको लागि विनियोजित बजेट सम्बन्धमा।

प्रस्ताव नं.१२- सियारी गाउँपालिका कृषि पशुपन्छि तथा मत्स्य व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि-२०७९ सम्बन्धमा।

प्रस्ताव नं.१३- गाउँपालिका अध्यक्ष/उपाध्यक्षको पदवहालीको समयमा गरेको निर्णय सम्बन्धमा।

प्रस्ताव नं.१४- धन्यावाद ज्ञापन सम्बन्धमा।

प्रस्ताव नं.१५- सम्पत्ति विवरण बुझाउने सम्बन्धमा।

प्रस्ताव नं.१६- विविध।

मिति २०७९/०२/११

बैठक संख्या:१

**निर्णय नं.१**-प्रस्ताव नं.१ माथी छलफल गर्दा सियारी गाउँपालिका कार्यसम्पादन नियमावली-२०७८ र बैठक सञ्चालन कार्यविधि-२०७४ लाई पालना गरी कार्यान्वयनका लागि सबैलाई जानकारी गराई पालना गर्ने गराउने निर्णय गरियो।

**निर्णय नं.२**-प्रस्ताव नं.२ माथी छलफल गर्दा आ.व.२०७८/०७९ को धानको बिउ उपलब्ध गराउने कार्यक्रम अन्तरगत ५०% अनुदानमा १ बिघा वा सो भन्दा कम खेत भएका कृषकहरुलाई उपलब्ध गराउने गरी सियारी गाउँपालिकाको सबै वडालाई रु.१०००००/-(एक लाख रुपैया) बराबरको हिसाबले अनुदान उपलब्ध गराउने गरी सम्बन्धित वडा मार्फत सूचिकृत धानको बिउ स्यवम् किसानले खरिद गरी बिल निवेदन र बैंक खाता उपलब्ध गराई कृषकको बैंक खातामा ५०% अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.३**-प्रस्ताव नं.३ माथी छलफल गर्दा सियारी गाउँपालिकाका सात वटै वडाहरुको सडकको अवस्थाको निरीक्षण गरी प्राविधिक प्रतिवेदन र स्टीमेट तयार गरी आगामी कार्यपालिका बैठकमा उपलब्ध गराउन प्राविधिक तथा योजना शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं.४**-प्रस्ताव नं.४ माथी छलफल गर्दा सियारी गाउँपालिकाका मुख्य चोकचोकमा उज्यालो बत्ती र चोकमा सी.सी.टी.भी/क्यामरा जडान गरी चोरी नियन्त्रण गरी जनतामा सुरक्षा प्रत्याभूती गर्नका लागि आवश्यक व्यवस्थापन मिलाउने निर्णय गरियो।

**निर्णय नं.५**-प्रस्ताव नं.५ माथी छलफल गर्दा सियारी गाउँपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नयाँ कार्यक्रम सञ्चालन गर्न सबै वडातहबाट श्रममूलक योजना छनोट गरी तत्काल सियारी गाउँपालिका प्रधानमन्त्री रोजगार शाखामा पठाएका योजनाहरुलाई कार्यान्वयन गर्न गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं.६**- प्रस्ताव नं.६ माथी छलफल गर्दा सियारी गाउँपालिका वडा नं.२ मा गृह मन्त्रालय सशस्त्र प्रहरी बल नेपालबाट तीन दिने स्वास्थ्य शिविर सञ्चालन भएकोमा सियारी गाउँपालिका बाट पनि उक्त शिविर सञ्चालन गर्न आएका चिकित्सकहरुको टोली र सहयोगीहरुको लागि हो खर्च भएको रकम होटल आवास खर्च, खाजा तथा खाना खर्चको रकम यूवास्वरोजगार शिर्षकबाट रु. ३५००००/- (तीन लाख पचास हजार रुपैयाँमात्र) विविध खर्च शिर्षकमा रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.७**- प्रस्ताव नं.७ माथी छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (१) बमोजिम निम्नानुसार सियारी गाउँपालिका राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो।

१. गाउँपालिका उपाध्यक्ष श्री तारा थारु - संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत श्री रोमनाथ न्यौपाने -सदस्य

३. कार्यपालिकाले तोकेको सदस्यहरु मध्येबाट १ जना महिलासहित २ जना मध्ये

- ६ नं. वडाका वडा अध्यक्ष श्री शेर बहादुर गुरुङ्ग -सदस्य

- पछि गाउँपालिका अध्यक्ष ज्यूबाट तोकिएको कार्यपालिकाको महिला सदस्य -सदस्य

४. निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँतहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (गाउँपालिका अध्यक्षले तोके बमोजिम) - सदस्य

५. घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि मध्ये सियारी गाउँपालिका (गाउँपालिका अध्यक्षले तोके बमोजिम) -सदस्य

६. सियारी गाउँपालिका कार्यपालिका राजश्व शाखा प्रमुख श्री बिनोद खनाल -सदस्य सचिव

निर्णय नं.८ प्रस्ताव नं.८ माथी छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६(१) बमोजिम निम्नानुसार सियारी गाउँपालिका स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

(क) गाउँपालिका अध्यक्ष श्री थानेश्वर घिमिरे -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष श्री तारा थारु -सदस्य

(ग) कार्यपालिका सदस्य मध्येबाट महिला, दलित वा अलपसंख्यक प्रतिनिधित्वहुने गरी अध्यक्षले तोकेको ४ जना मध्येबाट

- सियारी गा.पा वडा नं.७ का वडा अध्यक्ष श्री दिपक कुमार शाही -सदस्य
- सियारी गा.पा वडा नं.३ का वडा अध्यक्ष श्री रामचन्द्र कुर्मी -सदस्य
- सियारी गा.पा वडा नं.१ का वडा अध्यक्ष श्री अरुण कुमार शाही -सदस्य
- गाउँ कार्यपालिका सदस्यहरुमध्येबाट पछी गाउँपालिका अध्यक्षले तोकेको महिला प्रतिनिधि -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत श्री रोमनाथ न्यौपाने -सदस्य

निर्णय नं.९ प्रस्ताव नं.९ माथी छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ (१) बमोजिम निम्नानुसार सियारी गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

(क) सियारी गाउँपालिका उपाध्यक्ष श्री तारा थारु -संयोजक

(ख) विषयगत क्षेत्र हेर्ने गाउँ कार्यपालिकाका सदस्यहरु

- अध्यक्ष ज्यूबाट तोके बमोजिम कार्यपालिकाका सदस्यहरु -सदस्य
- अध्यक्ष ज्यूबाट तोके बमोजिम कार्यपालिकाका सदस्यहरु -सदस्य
- अध्यक्ष ज्यूबाट तोके बमोजिम कार्यपालिकाका सदस्यहरु -सदस्य
- अध्यक्ष ज्यूबाट तोके बमोजिम कार्यपालिकाका सदस्यहरु -सदस्य
- अध्यक्ष ज्यूबाट तोके बमोजिम कार्यपालिकाका सदस्यहरु -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत श्री रोमनाथ न्यौपाने -सदस्य

(घ) योजना शाखा प्रमुख श्री रोमलाल पुरी - सदस्य सचिव

मिति २०७९/०२/११

बैठक संख्या:१

निर्णय नं.१० प्रस्ताव नं. १० माथी छलफल गर्दा सियारी गाउँपालिका अन्तर्गत रहेका टोल विकास समितिहरुको म्याद सकिएकोले टोल विकास समितिको गठन प्रकृया अगाडी बढाउने र टोल विकास समितिलाई आवश्यक पर्ने बजेटको व्यवस्था आगामी आ.व.को वार्षिक बजेटमार्फत व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.११ प्रस्ताव नं. ११ माथी छलफल गर्दा मालपोत कार्यालय भैरहवाको लागि रु.१ लाख सेड (ट्रष्ट) निर्माणका लागिं आ.व. २०७८/०७९ व्यवस्था गरिएकोमा मालपोत कार्यालय रुपन्देहीको च.नं.१३८६७ मिति २०७९/०२/११ को पत्र प्राप्त भए अनुसार रकमान्तर गरी फर्निचर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथी छलफल गर्दा सियारी गाउँपालिका कृषि पशुपन्छि तथा मत्स्य व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि-२०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ प्रस्ताव नं. १३ माथी छलफल गर्दा सियारी गाउँपालिकामा स्थानीय तह निर्वाचन-२०७९ पश्चात्त पदवहाली गर्दा गाउँपालिका अध्यक्ष ज्यू, गाउँपालिका उपाध्यक्ष ज्युले गर्नु भएको निम्नानुसार निर्णयलाई कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

(क) सियारी गाउँपालिकाकाभित्र रहेको तीन महिना भित्रका सबै गर्भवती महिलाहरुलाई फोलिक एसिड चक्कि निशुल्क उपलब्ध गराउने

(ख) सियारी गाउँपालिकामा ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त ७० वर्ष उमेर पुगेका सम्पूर्ण नागरिक, अशक्त अपांग "क" र "ख" वर्गका नागरिक सबैलाई घरदैलो स्वास्थ्य सेवा उपलब्ध गराउने

(ग) सियारी गाउँपालिकाभित्र बसोबास गर्ने सबै नागरिकहरुलाई रोग तथा चोटपटकका कारणले रगत blood transfusion गर्नुपरेमा ब्लडबैंकसँग समन्वय गरी आवश्यकतानुसार निशुल्क उपलब्ध गराउने

(घ) सियारी गाउँपालिकाका ७ वटै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कार्य सञ्चालन गर्ने

(ङ) सियारी गाउँपालिका वडा नं.७ मा बस्ने पूर्व गा.वि.स.अध्यक्ष तथा समाजसेवी श्री भवानीशंकर सापकोटा क्यान्सर रोगबाट पीडित भएकोले उपचारार्थ सहयोगका लागि अन्य सामाजिक सुरक्षा शिर्षकबाट रु.५१ हजार उपलब्ध गराउने

निर्णय नं.१४ प्रस्ताव नं. १४ माथी छलफल गर्दा स्थानीय तह निर्वाचन-२०७९ सियारी गाउँपालिकामा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा कुशलता पूर्वक निर्वाचन सम्पन्न गरेकोमा सियारी गाउँपालिका निर्वाचन अधिकृत तथा निर्वाचनका कर्मचारीहरु, कार्यालयका सम्पूर्ण कर्मचारी परिवार र निर्वाचनमा सहभागी हुने सम्पूर्ण राजनीतिक दल तथा प्रतिनिधिहरु, सुरक्षा कर्मीहरु, पत्राकारहरु, पर्यवेक्षकहरु, उत्साहपूर्णरुपमा मतदानमा सहभागी हुने मतदाताहरु सबैलाई धन्यावाद दिने निर्णय गरियो ।

निर्णय नं.१५ प्रस्ताव नं. १५ माथी छलफल गर्दा सियारी गाउँपालिकामा नव निर्वाचित जनप्रतिनिधिहरुलाई पदवहाली गरेको.मितिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउन निर्देशन गर्ने निर्णय गरियो ।